बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१नंप्रदेशनेपाल

# विरिङ्ग खोलाको गिटी बालुवा संकलन तथा विक्री सम्वन्धी ठेक्का आव्हानको सूचना

*(प्रथम पटक प्रकाशन मिति २०७६।१०।०१ गते )*

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन,२०७४,आन्तरिक आयको ठेक्का ब्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएको ब्यवस्था बमोजिम आर्थिक बर्ष २०७६।७७ का लागि ठेक्का सम्वन्धी कागजातमा उल्लेखित शर्तमा यस गाउँपालिका क्षेत्र भित्रबाट विरिङ्ग खोलाको गिटी बालुवा संकलन तथा विक्री सम्वन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले उल्लेखि तन्यूनतम ठेक्काअंकमा नघट्ने गरी ३० दिने बोलपत्र आह्वान गरिएको छ। सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्वन्धी कागजात खरिद गरी देहायको मिति समय र स्थानमा बोलपत्र पेश गर्नुहुनअनुरोध छ।

| सि.नं | आय ठेक्कानं | ठेक्काको विवरण | न्यूनतम ठेक्काअंक भ्याट बाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम विक्री हुनेअन्तिम मिति | बोलपत्र पेश गर्नु पर्नेअन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | Bahradashi/IR/01/076-77 | बाह्रदशी गाउँपालिकाले तोकिदिएको क्षेत्र भित्र विरिङ्ग खोलाबाट गिटी बालुवा संकलन तथा विक्री | २२,२१,७५४.९४/- | ३,०००/- | २०७६/११/०१ कार्यालय समय भित्र | २०७६/११/०२ दिनको १२:००बजे भित्र | २०७६/११/०२ दिनको १:००बजे |

**शर्तहरु**

१. योग्य यबोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्ने (अध्ययन गर्न) चाहेमा , बाह्रदशी गाउँपालिकाको कार्यालय , चकचकी झापा वा ९८१७०२६३४४मा सर्म्पक राख्न सक्नेछन , वा बाह्रदशी गाउँपालिकाको वेवसाइट bahradashimun.gov.np मा हेर्न सक्नेछन ।

२. योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजातहरु बाह्रदशी गाउँपालिकाकाट लिखित निवेदन पेश गरी मिति २०७६।११।०१ गते कार्यालय समय भित्रमा प्राप्त गर्न सक्नेछन । यस्तो निवेदनको साथमा कम्पनि /फर्म दर्ता प्रमाणत्रप भ्याट दर्ता प्रमाणपत्र आर्थिक बर्ष २०७५।२०७६ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु ३०००। (फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।

३. बोलपत्र दाखिला गर्ने बोलपत्रदाताले कवोल अंकको ५ प्रतिशत धरौटी यस कार्यालयको नाममा रा.वा बैकं भद्रपुर स्थित रहेको धरौटी खाता नं २२१०३०३००७१०७ मा जम्मा गरी भौचर पेश गर्नु पर्ने छ वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको बैंक बाट यस कार्यालयको नाममा जारी भएको ९० दिन म्याद भएको बिडबण्ड धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

४. बोलपत्र बाह्रदशी गाउँपालिकाको कार्यालय मा मिति २०७६।११।०२ गते दिउँसो १२:०० बजेभित्रमा बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रदाताहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बाह्रदशी गाउँपालिकाको कार्यालयमा मिति २०७६।११।०२ गते दिउँसो १ :०० वजे खोलिनेछ । बोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएको खण्डमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्रपेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ ।

७. खोलाहरुबाट नदीजन्य सामग्री संकलन गर्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण(IEE)प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ ।

८. नदीजन्य पदार्थ संकलन गर्दा कुटो कोदालो लगायतका घरेलु उपकरणहरु मात्र प्रयोग गर्न पाइने छ ।

९. उत्खनन गर्ने परिमाण एवं नाकाको विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराइनेछ ।

१०. कुनै वा सबै बोलपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकारकार्यालयमा निहित रहनेछ ।

...........................
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत